

A Mother's Experience: How internet has brought her children closer to her despite the distance – Mrs. Chanchala Thapa

अहिलेको जमानामा internet भनेको एकदम जरुरी भईसक्यो । पहिले पहिले हाम्रो पालामा कहाँ कम्प्यूटर कहाँ internet हुनु , एउटा typewriter थियो तर आजकाल जमाना कहाँबाट कहाँ पुगिसक्यो । यो communication को विकास सँगै मानबजीवनलाई कति सहज र सरल बनाई दिएको छ । पहिले मेरो छोराहरु विदेश हुँदा कस्तो गाऱ्हो थियो । एक चोटि Birthday wish गर्नुपर्यो भने पनि अहिलेका cyber जस्ते communication call भनेर टेलिफोन राखेर बसेको हुन्थ्यो । त्यहाँ गएर १ मिनेटको कति पैसा लिन्थ्यो त्यो पनि बिर्सिसके बल्ल फोन मिलाई दिन्थ्यो, एकदम मधुरो सुनिन्थ्यो हल्लो-हल्लो गर्दै बल्ल छोराको सानो स्वर सुनेर Happy Birthday है बाबा भनेर राख्नुपर्थ्यो । यो त्यस्तै १४-१५ वर्ष पहिलेतिर को कुरा होला ।

र अलि पछि कम्प्यूटर internet को सहायताले online chat गर्न पायो । एकदम खुशी लाग्ने U.S.A मा बस्ने छोरा र पुनामा पढ्दै गरेको छोरा र आफू काठमाण्डौमा बसेर सँगसँगै chat गर्न पाउँदा यति आनन्द लाग्थ्यो मानौ आफ्नो दुईवटै छोरा आफ्नो अगाडि लुटुपुटु गर्नै कुरा गर्दैछौ । अनि यो internet आविष्कार गर्नेलाई धन्य धन्य भनेर मुरी मुरी आशिस दिन्थ्यौं । हो पनि हेर्नुस् न आज यो internet को सहायताले कति सजिलो बनाई दिएको छ ।

पहिले पहिले mobile को नै किन चाहियो जस्तो लाग्थ्यो । अहिले mobile नभए कुनै काम नै नहोला जस्तो भईसक्यो । आजकालका केटाकेटीहरु २,३ कक्षा देखि नै कम्प्यूटर चालाउँछन् । अलि ठूलो केटाकेटीहरुको त साथी जस्तो भइसक्यो । उनीहरुले त mobile र कम्प्यूटर बिनाको जीवनपनि हुन्छ भनेर कल्पना पनि गर्न नसक्ने जस्तो भईसक्यो, होइन त ?

त्यसैले हामीले पनि internet use गर्न सिक्नु नै पर्ने जस्तो लाग्छ । आफ्नो नातिनातिनीहरुले पनि लौ हजुरआमा ले त यतिपनि जान्दैन भनेर खिल्ली उडाउला भनेर पनि पिर । त्यसैले मैले यसको आवश्यकता महसुस गरेर छोराछोरीहरुसँग अलिअलि सिकेर धेरै त जानेको हुइन तैपनि आफूलाई चाहिने e-mail, facebook, skype अलिअलि चलाउँछु । जुनसुकै चिजको पनि फाइदा र बेफाइदाहरु हुन्छ र हामीले फाईदाहरु धेरैभएको चिजहरु रोज्नु पर्छ भन्छ नी, यस्मा त फाईदा अलि बढि छ ।अब हेर्नुस न त्यो Skype ले गरेर कति सजिलो बनाई दिएको छ । मेरो छोरी अष्ट्रेलिया छिन् । फुर्सतमा जहिले पनि मुख हेरी हेरी कुरा गर्न पाउँछ, लाग्छ यहि सँगै बसी कुरा ठट्टा गरि राखेका छौं । केहि नयाँ चिज किन्यो भने पनि त्यसैबाट देखाउन सब मिल्छ । मनै आनन्द हुन्छ नत्र पहिला पहिला यसो नराम्रो सपना देख्यो भने पनि छट्पट् हुने, पिर हुने । अब त्यस्तो भयो भने तुरुन्त Skype खोल्यो कुरा गर्यो, मन हल्का भईहाल्छ । दु:ख सुख सबै Share गर्न मिल्यो ।

अब Facebook को कुरा गरौं । यसले गर्दा पनि सबै साथीभाइ नातागोताहरु सँग भेट हुन्छ । कहाँ छ के गरी राखेको छ सबै बृत्तान्त थाहा हुन्छ । नत्र महिलाहरुको बिहेपछिको साथी कहाँको साथी कहाँ केहि थाहा हुँदैन र जागिरे भए अवकास पछि घर बस्यो केहि थाहान पाउने contact नै हुँदैनथ्यो । अब त facebook बाट नै कुराकानी, Birthday wish, कहाँ छ, छोराछोरीको हालचाल के छ, फोटो हेर्न पाउँदा सब थाहा हुन्छ । आनन्द लाग्छ । कसरी दिन बित्छ थाहा नै पाईदैन । त्यसैले मलाई लाग्दछ युवायुवतीहरुलाई भन्दा हामीहरु जस्तालाई एकदम काम लाग्दछ । दिन सजिलै बित्दछ । News हरु हेर्न, गीत सुन्न, पुराना पुराना फिल्महरु हेर्न सब मिल्दछ ।

मानिस न हो कहिले खुशी कहिले त्यस्सै पनि दिक्क हुन्छ । त्यस्तो बेलामा विभिन्न किसिमको game हरु जस्तैः तास खेलेर मन भुलाउन सकिन्छ । मनमा कुरा खेल्यो भने पछि यस्सो गेमहरु खेल्यो, भजनहरु सुन्यो, भगवानको फोटोहरु हेऱ्यो मन concentrate हुन्छ । अनि एकछिन fresh feel हुन्छ ।

मैले पनि धेरै सिक्न बाँकि नै छ । आफ्नो छोरा बुहारीसँग सिक्दैछु र मलाई एकदम interest पनि लाग्छ । मलाई लाग्दछ सबैले internet बारे जानी राख्न एकदम जरुरी छ । हरेक field मा काम लाग्दछ जस्तो लाग्दछ ।